# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।१३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

जिल्ला सप्तरी, सुरूङ्गा नगरपालिका वडा नं.५ का वडाअध्यक्ष सिल्टु मियाँले मोहीयानी जग्गा छुटाउन सिफारिस गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निज वडाअध्यक्ष सिल्टु मियाँलाई सेवाग्राहीसँग रू.२५,०००।-(पच्चीस हजार) घुस वापतको रकम लिइसकेको नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सिल्टु मियाँले आफ्नो जिम्मेवारी र पदीय दायित्वसमेतको ख्याल नगरी बद्नियतपूर्वक मोहियानी जग्गा र रकमको वार्गेनिङ् गरी नियमानुसार गर्नुपर्ने काममा समेत घुस रिसवत दिन बाध्य पारी रू.२५,०००।-( पच्चीस हजार) घुस लिइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई बिगो रू.२५,०००।-(पच्चीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता